श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल नागरिकता (तेस्रो संशोधन) ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन २०३७ साल पौष १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. नेपाल नागरिकता ऐन, २०२० को दफा ६ मा संशोधन: नेपाल नागरिकता ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को,–

(१) उपदफा (१) को खण्ड (ख) मा रहेको "विदेशी स्वास्नी मानिसको हकमा कम्तीमा पांच वर्ष" भन्ने शब्दहरूको सट्टा "विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागेपछि" भन्ने शब्दहरू राखिएका छन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२५

(२) उपदफा (१) को खण्ड (ङ) मा रहेको "विदेशी स्वास्नी मानिस" भन्ने शब्दहरूको सट्टा "विदेशी नारी" भन्ने शब्दहरू राखिएका छन् र सोही खण्डमा रहेको "नेपालको" भन्ने शब्द झिकिएको छ ।

(३) उपदफा (१) को अन्तमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपालको नागरिकताको लागि आवेदनपत्र दिंदा निजले खण्ड (ग) मा उल्लिखित शर्तबाहेक अन्य कुनै शर्त तथा अवस्था पूरा गर्नु पर्ने छैन ।"

(४) उपदफा (२) मा रहेको "विदेशी स्वास्नी मानिस" भन्ने शब्दहरूको सट्टा "विदेशी नारी" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "२०३७" भन्ने अंकको सट्टा "२०३८" भन्ने अंक राखिएको छ ।

(६) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः–

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले श्री ५ को सरकारले तोकेको अधिकारीसमक्ष २०३७ साल चैत्र मसान्तसम्ममा नेपालको नागरिकताको निमित्त रीतपूर्वकको आवेदनपत्र दर्ता गराइसकेको रहेछ भने, निजको हकमा उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा तोकिएको म्याद नाघेको मानिनेछैन ।"

३. मूल ऐनमा दफा ६ क. थपः मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छः–

"६ क. सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिनेः (१) दफा ६ मा जुनसुकै कुरा लेखेको भए तापनि श्री ५ को सरकारको सिफारिश-मा विशेष ख्याति प्राप्त कुनै व्यक्तिलाई श्री ५ बाट सम्मानार्थ नेपालको नागरिकता प्रदान गरिबक्सन सकिबक्सनेछ ।

(२) उपदफा (१) बमोजिम सम्मानार्थ नेपालको नागरिकता प्रदान गरिएको व्यक्ति नेपालको अंगीकृत नागरिक सरह हुनेछ ।"

४. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

"१३. नामावलीको प्रकाशनः प्रत्येक वर्ष दफा १० अन्तर्गत नेपाली नागरिकताबाट वञ्चित भएका वा हटाइएका व्यक्तिहरूको नामावली श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।"

लालमोहर सदर मितिः– २०३८।५।३१।४

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।